आज मिति २०७३।०५।२४ गतेका दिन बिहान ८.३ बजे यस परशुराम नगरपालिका नगरकार्यपालिकाको २४औं बैठक नगर प्रमुख श्री भरत बहादुर जोशी ज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा बसि देहायका निर्णय गरियो।

उपस्थिति

नगर प्रमुख श्री भरत बहादुर जोशी
नगर उपप्रमुख श्री बिमला कुमारी बोहरा
१ नं. वडा अध्यक्ष श्री लाल ब. धामी
२ " " श्री रमेश ब. बोहरा
३ " " श्री नरेश ब. खवास
४ " " श्री बिश्राम सिं बोहरा
५ " " श्री दिल ब. शाही
६ " " श्री खगेन्द्र ब. सिंह
७ " " श्री कर्ण ब. धामी
८ " " श्री दिनेश प्र. जोशी
१० " " श्री रामकुमार भाट
११ " " श्री प्रकाश ऐर
१२ " " श्री महाविर कामी
नगरकार्यपालिका सदस्य श्री कु. मीना जोरा भण्डारी
" " श्री डुरा खाती
" " श्री बिमला खाती
" " श्री लिलावती कु. बोहरा
" " श्री हेमन्ती दमाई
" " श्री गोरे लुहार
" " श्री जय ब. ओरखेडा
" " श्री शिबिराम कामी
प्रमुख प्र.अ. श्री टारानाथ पाण्डे
शाखा अ. श्री कृष्णादेव जोशी
लेखा अ. श्री धन ब. रावल
सू. प्र. अ. श्री दिपेन्द्र जोशी

## मिति २०७९।०५।२४ गतेको परशुराम नगरकार्यपालिकाको एघारौं वैठकको निर्णयहरु:

**निर्णय नं. ०१**

चालु आ. व. २०७९/८० मा श्री भुवनेश्वरी नमुना मा. वि. परिगाउँको भौतिक पूर्वाधार निर्माणका लागि प्राप्त वजेटबाट विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार प्रचलित नियमानुसार भौतिक पूर्वाधार निर्माण गर्न टेण्डर प्रकृया अगाडी बढाउन कार्यालयलाइ निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २**

यस परशुराम नगरपालिकामा चालु आ. व. २०७९।०८० मा तपशिल उल्लेखित नदीहरुमा आइइ रिपोर्टमा उल्लेखित परिमाणमा नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदी) संकलन र उत्खनन गर्ने गरी परशुराम नगरपालिकाको आर्थिक ऐन २०७९ को दफा १३, अनुसूची १३ बमोजिमको दररेटमा ठेक्का आह्वान गर्ने निर्णय गरीयो ।

तपसिल

| सि.न. | नदीखोलाको बिवरण | न्युनतम ठेक्का अंक रु. (मु.अ.कर बाहेक) | संकलन/उत्खनन गर्नु पर्ने वार्षिक परिमाण (घन मिटर) |
|---|---|---|---|
| १ | परशुराम नगरपालिका भएर बग्ने महाकाली नदि (कलपटा घाटदेखि तल) | १७,९५,६४०।०० | १६,९४० |
| २ | परशुराम नगरपालिका भएर बग्ने रंगुन खोला, बहादुरे नाका (करावण्ड देखी महाकाली छेउ सम्म) | ५८,४३,२५०।०० | ५५,१२५ |
| ३ | परशुराम नगरपालिका भएर बग्ने रंगुन खोला, रंगुन नाका (करावण्ड देखी परशुराम न. पा. सिमाना गेट सम्म) | ५८,४३,२५०।०० | ५५,१२५ |
| ४ | परशुराम नगरपालिका भएर बग्ने पन्तुरा खोला | ३४,३४,४००।०० | ३२,४०० |

CamScanner

| | | | |
|---|---|---|---|
| ५ | परशुराम नगरपालिका भएर बग्ने साबनी खोला | २८,६२,०००।०० | २७,००० |
| ६ | परशुराम नगरपालिका भएर बग्ने शीर्ष खोला | ८,३४,७५,०।०० | ७,८७५ |
| ७ | परशुराम नगरपालिका भएर बग्ने कलेना खोला | ३,६८,८८०।०० | ३,४८० |
| ८ | परशुराम नगरपालिका भएर बग्ने लटेरोडा खोला | २,८६,२००।०० | २,७०० |

**निर्णय नं. ०३**

चालु आ. व. २०७९/८० को सम्बन्धीत शीर्षकको वजेट तथा कार्यक्रमबाट मासिक रु. १५०००। (पन्ध्र हजार मात्र) पारीश्रमिक दिने गरी सरसफाइ प्रयोजनका लागि २ (दुइ) जना स्वीपरको विज्ञापन प्रकासित गरी छनौट गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ०४**

यस परशुराम नगरपालिकाको कार्यालय, मातहतका वडा कार्यालयहरु, शाखा कार्यालयहरुमा प्रयोगमा रहेका चार पाङ्ग्रे सवारी साधन र दुइ पांग्रे सवारी साधनहरु जिन्सी शाखाबाट सवारी साधन जिम्मा लिएका पदाधिकारी तथा कर्मचारीहरुको पूर्ण जिम्मामा रहने, सवारी इजाजत पत्र प्राप्त गरेका ब्यक्तिहरुले मात्र सवारी साधन चलाउने र सार्वजनिक विदाका दिनहरुमा सरकारी सवारी साधन प्रयोग नगर्ने नगराउने निर्णय गरियो । साथै कार्यालयको कामको सिलसिलामा सार्वजनिक विदाको दिन सवारी साधनको प्रयोग गर्नु परेमा नियमानुसार सम्बन्धीत निकायबाट पास लिएर मात्र प्रयोग गर्नुपर्ने र इजाजत पत्र नलिइ वा जिन्सी शाखाबाट सवारी साधन जिम्मा लिने ब्यक्ति भन्दा अन्य ब्यक्तिले सवारी साधन चलाएमा सोको प्रचलित कानून बमोजिमको पूर्ण जवाफेहिता र उत्तरदायित्व जिन्सी शाखाबाट सवारी साधन बुझेर जिम्मा लिएका पदाधिकारी कर्मचारीले लिनुपर्ने निर्णय गरियो ।

निर्णय नं. ५

यस परशुराम नगरपालिकाको कार्यालयलाई आवस्यक पर्ने विभिन्न विषयमा सल्लाह सुझाव प्रदान गर्न तथा कामकाज गर्न विज्ञको रुपमा नियुक्त सल्लाहकारको सेवा सुविधा स्थानीय तहको अधिकृत स्तर छैटौं तहको शुरु तलब स्केल अनुसार हुने गरी समर्थन गर्ने र नियमानुसार निजको कार्यसम्पादनका आधारमा थप सेवा सुविधा वा प्रोत्साहन रकम प्रदान गर्न कार्यालयलाई स्वीकृती दिने निर्णय गरियो ।

CamScanner